माथागढी गाउँपालिकाद्वारा प्रकाशित

स्थानीय राजपत्र

खण्डः १०	संख्याः ०९	मितिः२०८३/०८/०७

भाग २

माथागढी गाउँपालिका

लुम्बिनी प्रदेश, नेपाल

संवत् २०८३ सालको कार्यविधि संख्या ०९

माथागढी गाउँपालिकाबाट सञ्चालन हुने कृषि, पशुपंक्षी तथा मत्स्य विकास सम्वन्धी कार्यक्रमहरूलाई सरल, पारदर्शी, प्रभावकारी र गुणस्तरीय बनाई व्यावसायिक कृषि तथा पशुपंक्षी पालन व्यवसायलाई आत्मनिर्भर, लाभदायी र प्रतिस्पर्धी रूपमा अगाडि बढाउन आवश्यक भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) एवं माथागढी गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धी कार्यविधि, २०७४ अनुसार सर्वसाधारण सम्पूर्णको जानकारीका लागि यो कार्यविधि प्रकाशन गरिएको छ।

माथागढी गाउँपालिकाको
कृषि/पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

कार्यपालिकाबाट पारित मितिः २०८३/०६/२९
राजपत्रमा प्रकाशित मितिः २०८३/०८/०७

<u>प्रस्तावना :</u> व्यवसायिक कृषक तथा उद्यमीहरुले सञ्चालन गरिरहेको व्यवसाय र सो को सम्भाव्यताको आधारमा अनुदान र अनुदानमा कृषि/पशुपन्छी तथा मत्स्यजन्य सामग्री वितरण गरेमा पशुपन्छीजन्य उत्पादन व्यवसाय दिगो र व्यवसायिक रुपमा अगाडि बढ्न सक्दछ। पालिकाबाट कृषि/पशुपन्छी विकास तथा मत्स्य तर्फ सञ्चालित कार्यक्रम व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा संचालन गर्न माथागढी गाउँपालिकाले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कृषि/पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ लागु गरेको छ।

परिच्छेद १
प्रारम्भिक

१.संक्षिप्त नाम तथा प्रारम्भ :

क) यस कार्यविधिको नाम "**कृषि/पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३**" रहेको छ।

ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

२. परिभाषा :

क) "गाउँपालिका" भन्नाले माथागढी गाउँपालिका सम्झनु पर्दछ।

ख) "कार्यपालिका" भन्नाले माथागढी गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्दछ।

ग) "शाखा" भन्नाले कृषि/पशुपन्छी विकास शाखा सम्झनुपर्दछ।

घ) "कृषक" भन्नाले माथागढी गाउँपालिका क्षेत्रका कृषि/पशुपन्छी र मत्स्य पालक कृषक सम्झनु पर्दछ।

ङ) "कार्यविधि" भन्नाले कृषि/पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ सम्झनु पर्दछ।

च) "अनुदान कार्यक्रम" भन्नाले माथागढी गाउँपालिकाबाट कृषि/पशुपन्छी विकास शाखा माफर्त अनुदानमा सञ्चालित कार्यक्रम सम्झनु पर्दछ।

छ) "लागत सहभागिता" भन्नाले कृषकले वेहोर्नुपर्ने रकम वा प्रतिशत सम्झनुपर्दछ।

ज) "कार्यालय" भन्नाले माथागढी गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ।

झ) "वडा" भन्नाले माथागढी गाउँपालिकाका वडाहरु सम्झनु पर्दछ।

परिच्छेद २
उद्धेश्य

३) कार्यविधिको उद्धेश्य :

क) गाउँपालिकाबाट सञ्चालन हुने कृषि/पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी कार्यक्रम प्रकृयालाई सरल, सहज, प्रभावकारी, पारदर्शी एवं गुणस्तरयुक्त बनाउने।

ख) पशुपन्छी तथा मत्स्य पालन व्यवसायलाई दिगो, मर्यादित, प्रतिस्पर्धी एवं उत्पादनमूलक बनाउने।

ग) अनुदानमा आधारित कार्यक्रममा अनुदान वितरण प्रकृयालाई सरल र वैज्ञानिक बनाई निष्पक्ष र पारदर्शी बनाउने ।

घ) सेवा प्रवाहको प्रकृयालाई सरल, निष्पक्ष र प्रणालीयुक्त बनाउने ।

ङ) पशु उपचार, पशु स्वास्थ्य र रोग निदान प्रकृयालाई गुणस्तरीय बनाउने ।

च) लाभग्राहीहरुको छनौट प्रकृयालाई स्पष्ट र पारदर्शी बनाउने ।

छ) कृषि/पशुपन्छीजन्य पदार्थ तथा मत्स्य उत्पादनमा पालिकालाई आत्मनिर्भर बनाउने ।

परिच्छेद ३

कार्यक्रम र सञ्चालन प्रकृया

४) पशुपन्छी तथा मत्स्य सेवा कार्यक्रम तर्फ :

४.१) पशुपन्छी तथा मत्स्य उपचार सेवा :

गाउँसभाबाट स्वीकृत बजेट तथा कार्यक्रमको परिधिभित्र रही माथागढी गाउँपालिकाका कृषकले पालन गरेका पशुपन्छी तथा मत्स्यको स्वास्थ्य परिक्षण, निदानका आधारमा पशुपन्छी तथा मत्स्य उपचारजन्य औषधी शाखा वा कार्यालयले तोकेको स्थानबाट स्वीकृत बजेटको परिधिभित्र रहि निःशुल्क वितरण गर्नेछ ।

४.२) निःशुल्क खोप सेवा कार्यक्रम :

१) माथागढी गाउँपालिकाका कृषकहरुले पालन गरेका पशुपन्छीमा विभिन्न समयमा देखा पर्ने महामारी जन्य रोगहरुको रोकथामका लागि तपसिल बमोजिमका रोगहरु विरुद्ध स्वीकृत बजेट को परिधिभित्र रहि निःशुल्क खोप सेवा कार्यक्रम सञ्चालन गर्नेछ ।

तपसिल :

क) भ्यागुते/चरचरे

ख) खोरेत

ग) पिपिआर

घ) स्वाईनफिभर

ङ) रानीखेत

च) गम्बारो

छ) रेबिज

ज) लम्फि स्किन

झ) अन्य

२) खोप सेवा सञ्चालन गर्न सार्वजनिक सूचना मार्फत निजी क्षेत्रका भेटेरिनरी प्राविधिक (ग्रा.प.स्वा.का., जेटिए,जेटि) लाइ प्रत्येक आ.व.का लागि भ्याक्सिनेटर नियुक्ती/सम्झौता गरी काममा लगाउन सकिनेछ र आवश्यक परेमा वा कुनै पनि सार्वजनिक सूचना मार्फत आवेदन नपरेको खण्डमा कार्यरत रहेको पशु स्वास्थ्य प्राविधिकलाई कार्यालयको काम प्रभावित नहुने गरी भ्याक्सिनेटर नियुक्त गरी भ्याक्सिनेशन कार्यक्रम संचालन गर्न सक्नेछ ।

३) खोप सेवा सञ्चालन गर्दा बजेट तथा कार्यक्रमको परिधिभित्र रहि रोगको फैलावट, पशुपन्छी पालनको घनत्व, पशुहाटबजार आदिका आधारमा जोखिम क्षेत्रको विश्लेषण गरि सोही आधारमा खोप कार्य सञ्चालन गरिनेछ ।

४) खोप कार्यक्रम सञ्चालनका लागि सम्बन्धित क्षेत्रका जनप्रतिनिधि,कृषक तथा सरोकारवालाहरुसगँ शाखाले समन्वय गर्नेछ ।

५) खोपका लागि आवश्यक पर्ने औषधी, सामग्री तथा आवश्यक व्यवस्थापन गाउँकार्यपालिकाको कार्यालयले गर्नेछ ।

६) खोप लगाउनका लागि अटोमेटिक सिरिञ्ज वा साधारण सिरिञ्ज प्रयोग गरिएतापनि एकै गोठका लागि प्रति १० जनावर वा सोभन्दा कम भएमा प्रति गोठका लागि छट्टा छुट्टै सिरिञ्ज निडिल प्रयोग गरिनेछ ।

७) खोप लगाएका पशुको पहिचानका लागि शाखाले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

८) भ्याक्सिनेशन गरेको विवरण (पशु संख्या) खुल्ने फारममा सम्बन्धित पशुपालक कृषक र वडा अध्यक्ष वा सचिववाट प्रमाणित गराई भ्याक्सिनेटरले शाखामा पेश गर्नुपर्नेछ ।

९) खोप कार्यको गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, वडा अध्यक्ष लगायतका सरोकारवाला निकायले अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ ।

१०) रोगको सम्भावित आउटब्रेक नियन्त्रणका लागि शाखाले खोपको केही मात्रा भण्डारण गरी राख्नुपर्नेछ ।

११) खोप कार्य र रोगको नियन्त्रणका लागि शाखाले गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको आदेशमा अन्य निकायसगँ समन्वय र सहकार्य गर्न सक्नेछ ।

१२) खोप कार्यका लागि वडा कार्यालयको प्रमाणित भरपाईका आधारमा प्रदेश र संघीय सरकारले भ्याक्सिनेटरको पारिश्रमिक शुल्क तोकिए वमोजिम भ्याक्सिनेटरलाई पारिश्रमिक वापतको रकम भुक्तानी गरिनेछ ।

१३) अनुगमन कार्यका लागि अनुगमनमा खटिने जनप्रतिनिधि तथा कर्मचारीले प्रचलित कानुन अनुसारको सुविधा प्राप्त गर्नेछन् ।

४.३) घाँसको वीउ वितरण कार्यक्रम :

क) माथागढी गाउँपालिकाका कृषकलाई घाँसखेतीमा प्रोत्साहन गर्न गाँउ सभावाट कार्यक्रम स्वीकृत भए वमोजिम अनुदानमा विभिन्न जातका घाँसका वीउ शाखाले वितरण गर्नेछ ।

ख) वीउ वितरणका लागि व्यवसायीक पशुपालक कृषक तथा पालिकाका अन्य पशुपालक कृषकहरुलाई सार्वजनिक सूचना मार्फत माग संकलन गरि कृषकले पालन गरेको पशु संख्या, जग्गाजमिन तथा मागका आधारमा हिउदे,वर्षे र वहुवप घाँसको वीउ वितरण गरिनेछ ।

ग) स्वीकृत गरेको वजेटको परिधिभित्र रहि विभिन्न जातका घाँसको वीउ शत प्रतिशत वा निश्चित प्रतिशत अनुदानमा वितरण गरिनेछ ।

घ) कार्यक्रम सचालन प्रकिया परिछेद ४ वमोजिम हुनेछ ।

क.स	कार्यक्रम	मापदण्ड तथा पक्रिया	क्रियाकलाप	अनुदान सीमा
४.४	हलगोरु संरक्षण कार्यक्रम	• पशुपालन व्यवसायलाई अँगाल्न सक्ने अभिरुचि भएको।	• सूचना प्रकाशनको १५ दिन भित्र यस कार्यालयमा तोकिए	• प्रति हलगोरु रु.

		• खेतमा सम्पूर्ण खेत जोत गर्ने काम गोरुले गर्ने किसान हुनुपर्नेछ। • कम्तिमा एक हल स्थानीय जातको गोरु हुनुपर्नेछ। • सूचना प्रकाशन हुनुभन्दा कम्तिमा ६ महिना अगाडिदेखि सो गोरु पालेको हुनुपर्नेछ। • कुनै पनि निकायबाट मिनिटिलर अनुदानको रूपमा नलिएको एवं दोहोरो सुविधा नलिएको हुनुपर्नेछ। • एउटा अनुदानग्राहीको दुई भन्दा बढी संख्यामा गोरु भएता पनि एक हल गोरु मात्र गणना हुनेछ।	बमोजिमको कागजात संलग्न गरी पठाउनुपर्नेछ । • गाउँपालिकाबाट अनुदान दिइनेछ।	५ हजार दिइनेछ ।
४.५	मासु पसल सुधार	• उपयुक्त फर्म/कम्पनी/सहकारी छनौट गरी कार्यक्रम सञ्चालन गर्ने, • निर्माण गरिने मासु पसल आफ्नो स्वामित्व हुनुपर्ने वा लिजमा लिएको भए कम्तिमा १० वर्षको सम्झौता हुनुपर्ने । • सहभागी हुने आवेदकले मासिक ठूलो पशुको हकमा कम्तीमा १००० किलो, साना पशु तथा पन्छीको हकमा कम्तीमा ३०० किलो मासु बिक्री वितरण गरिरहेको हुनुपर्ने, • स्थानीय तहका शहर उन्मुख क्षेत्रलाई लक्षित गरी मासुको बिक्री वितरणमा संलग्न वा यसलाई व्यवस्थित गर्न चाहने मासु व्यवसायीहरूले प्राथमिकता पाउनेछन । • स्थानीय निकाय र प्यानमा दर्ता भएको हुनुपर्ने	• मासु काट्ने र प्रशोधन गर्ने यन्त्र उपकरणहरु खरिद, • पसलको बिक्री कक्षको टायल/मार्वल लगाउने कार्य, सिसा/जालि सहितको विक्रि कक्ष निर्माण वा खरिद, • मूल्य सूची बोर्ड	• ५० प्रतिशत अनुदान
४.६	खोर सुधार कार्यक्रम	• उपयुक्त फार्म/व्याक्ति छनौट गरी कार्यक्रम सञ्चालन गर्ने र छनौट भइसकेका फार्महरुले	• खोर सुधारका लागि आवश्यक पर्ने सामाग्री खरिद गर्न सकिने	• ७५ प्रतिशत अनुदान

		स्थानीय निकायमा अनिवार्य नविकरण/दर्ता गराउनुपर्ने । • बाखा संख्या कम्तिमा १० वटा हुनुपर्ने • फार्म दर्ता भएका फर्महरुलाई प्राथमिकता दिइनेछ । • बंगुर संख्या कम्तिमा २ वटा हुनुपर्ने • फार्म दर्ता भएका फर्महरुलाई प्राथमिकता दिइनेछ ।	• प्राविधिक स्टिमेतको आधारमा निर्माण गर्नुपर्ने । • प्राविधिक मूल्याङ्कनको आधारमा भूक्तानी दिईनेछ ।	
४.७	भेंडा प्रवर्दन कार्यक्रम	• परम्परागत तथा लक्षित वर्गलाई थप प्रोत्साहन गर्ने । • कार्यक्रम संचालन भेंडापालन गर्ने सम्पुर्ण कृषक ।	• नक्ष सुधार, औजार उपकरण, गोठ खोर सुधार, औषधि तथा आहारा व्यवस्थापन	• शत प्रतिशत
४.८	डेरी पसल सुधार	• उपयुक्त फर्म/कम्पनी/सहकारी छनौट गरी कार्यक्रम सञ्चालन गर्ने, • निर्माण गरिने डेरी पसल आफ्नो स्वामित्व हुनुपर्ने वा लिजमा लिएको भए कम्तिमा १० वर्षको सम्झौता हुनुपर्ने । • सहभागी हुने प्रस्तावकले दैनिक रूपमा कम्तीमा १०० लिटर दुधको कारोवार गरिरहेको हुनुपर्ने, • स्थानीय निकाय र प्यानमा दर्ता भएको हुनुपर्नेछ	• डेरी पसलको बिक्रि कक्ष निर्माण, डेरी पसलको बिक्री कक्षको टायल/मार्वल लगाउने कार्य, • Stainless Steel Milk Can तथा आवश्यक अन्य औजार/उपकरणहरू खरिद । • मूल्य सूची बोर्ड	• ५० प्रतिशत अनुदान
४.९	डोर टु डोर पशु/ बाँझोपन निवारण सेवा	• कार्यालयले एक पटकमा कम्तीमा ३५ वटा समस्यायुक्त गाई भैसीहरू देखिएको क्षेत्र पहिचान गरी स्थलगत कार्यक्रम सञ्चालन गर्नुपर्ने, निम्नानुसारको जनशक्ति भएको टोली आवश्यकताका आधारमा परिचालन गर्न सकिनेछः- • विषय विज्ञ , • पशु चिकित्सक/पशु विकास अधिकृत, सहायकस्तरको प्राविधिक कर्मचारी,	• कार्यक्रम सञ्चालनमा दैनिक भ्रमण खर्च खाजा खर्च, • इन्धन,औषधी,हर्मोन,मिनरल, भिटामिन, सिथ,ग्लोब, एप्रोन, सिरिन्ज, निडिल, लगायत, अन्य आवश्यक सामग्री उपकरण एवं लजिस्टीक नतिजामापन रिर्पोटिङ्ग जस्ता क्रियाकलापमा गर्ने ।	• कार्यक्रमको आधारमा

		• कार्यक्रम सञ्चालन पश्चात ३ महिना पछि फलोअप गरी प्रतिवेदन तयार गर्नुपर्ने ।		
४.१०	बंगुर तथा बाखाको खोर सुधार कार्यक्रम	• उपयुक्त फार्म/व्यक्ति छनौट गरी कार्यक्रम सञ्चालन गर्ने र छनौट भइसकेका फार्महरुले स्थानीय निकायमा अनिवार्य नविकरण/दर्ता गराउनुपर्ने । • बाखा संख्या कम्तिमा १० वटा हुनुपर्ने • फार्म दर्ता भएका फर्महरुलाई प्राथमिकता दिइनेछ । • बंगुर संख्या कम्तिमा २ वटा हुनुपर्ने • फार्म दर्ता भएका फर्महरुलाई प्राथमिकता दिइनेछ ।	• खोर सुधारका लागि आवश्यक पर्ने सामाग्री खरिद गर्न सकिने • प्राविधिक इस्टिमेटको आधारमा निर्माण गर्नुपर्ने । • प्राविधिक मूल्याङ्कनको आधारमा भूक्तानी दिईनेछ ।	• ७५ प्रतिशत अनुदान
४.११	माछा प्रवर्द्धन कार्यक्रम	• उपयुक्त फार्म/व्यक्ति छनौट गरी कार्यक्रम सञ्चालन गर्ने र छनौट भइसकेका फार्महरुले स्थानीय निकायमा अनिवार्य नविकरण/दर्ता गराउनुपर्ने । • पानीको स्थायी श्रोत भएको • कम्तिमा १ रोपनी जलाशय क्षेत्रफल कायम हुने गरी नयाँ पोखरी निर्माण गर्नुपर्नेछ । • पोखरी निर्माण गरिने जग्गा आफ्नो स्वामित्व हुनुपर्ने वा लिजमा लिएको भए कम्तिमा १० वर्षको सम्झौता हुनुपर्ने । • पोखरीको गहिराई कम्तिमा १.२ मिटर हुनुपर्ने	• कार्यालयले उपलब्ध गराएको लेआउट तथा डिजाईन अनुसार आवेदनकले नयाँ पोखरी निर्माण गर्नुपर्नेछ ।	• ५० प्रतिशत अनुदान

४.१२	पशुपंक्षी फार्म विस्तार कार्यक्रम	• उपयुक्त व्यवसायिक कृषक छनौट गरी कार्यक्रम सञ्चालन गर्ने र छनौट भइसकेका फार्महरुले स्थानीय निकायमा अनिवार्य नविकरण/दर्ता गराउनुपर्ने । • कम्तिमा बाख्रा संख्या १५-२० वटा • कम्तिमा बंगुर संख्या ५ वटा • कम्तिमा गाई/भैंसीको संख्या ३-५ वटा • फार्म विस्तारको लागि जग्गा आफ्नो स्वामित्व हुनुपर्ने वा लिजमा लिएको भए कम्तिमा १० वर्षको सम्झौता हुनुपर्ने ।	• खोर निर्माणको लागि आवश्यक पर्ने सम्पुर्ण सामग्रीहरु खरिद गर्ने • फार्मका लागि आवश्यक पर्ने औजार उपकरण खरिद गर्ने • नश्ल सुधारका लागि उन्नत पशु खरिद	• खोर निर्माण तथा औजार उपकरणमा ५० प्रतिशत अनुदान • नश्ल सुधारमा ७५ प्रतिशत अनुदान
४.१३	प्राकृतिक नश्ल सुधार कार्यक्रम	• फार्मको हकमा बाख्रा संख्या कम्तिमा १० वटा, बंगुर कम्तिमा ३ वटा, भैंसी कम्तिमा ३ वटा, • समुहको हकमा प्रति कृषक बाख्रा ५ वटा, बंगुर २ वटा र भैंसी २ वटा	• उन्नत जाको नश्ल खरिद गर्दा दर्तावाला फार्म वा जातिय गुण भएको हुनुपर्नेछ ।	• ७५ प्रतिशत अनुदान
४.१४	भकारो सुधार कार्यक्रम	• कम्तिमा २ वटा गाई/भैंसी हुनुपर्नेछ । • प्राङ्गारिक खेति गरेको हुनुपर्नेछ ।	• गोठको थरी तथा ढोड सुधार र मल/मुत्र व्यवस्थापन प्राविधिक ईस्टिमेट र मुल्याङ्कन अनुसार गर्नुपर्नेछ ।	• ७५ प्रतिशत अनुदान

५) कृषि विकास कार्यक्रम तर्फ :

५.१ कृषि यान्त्रीकरण कार्यक्रम

१। माथागढी गाउँपालिकामा कृषिलाई आधुनिकीकरण गर्न मिनिटिलर, पावरटिलर, कम्बाइन्ड मिल, ब्रसकटर, थ्रेसर, च्याफकटर, सिँचाई मोटर पम्प, स्प्रेयर लगायत यन्त्र खरिद तथा वितरण गरिनेछ। कृषि यान्त्रिकरण कार्यक्रममा सहभागी हुन इच्छुक कृषक/कृषक समुह/ कृषि फार्मले तपसिलमा उल्लेखित मापदण्ड पुरा गरेको हुनुपर्नेछ।

तपसिल

क। व्यवसायिक खेती गरिरहेको कृषक/कृषि फार्म

ख। निवेदकको मुख्य पेशा कृषि हुनुपर्ने

ग। कम्तीमा २ रोपनी (खेत) वा ५ रोपनी (बारी) खेती भएको

घ। विगत वर्षहरुमा गाउँपालिकाबाट यान्त्रीकरण वा समान किसिमको अनुदान नलिएको

२। मापदण्डको आधारमा वडा समितिले सिफारिस गरे बमोजिम कृषियन्त्र/उपकरण वितरण गरिनेछ।

३) कृषि यन्त्रमा अधिकतम ५०% अनुदान दिइनेछ।

क्र.स	कार्यक्रम	क्रियाकलाप	मापदण्ड/न्युनतम आवश्यकता	अनुदान सीमा
५.२	अदुवा/बेसार प्रवर्द्धन कार्यक्रम	* बीउ बेसार/अदुवा खरिद तथा वितरण * प्रशोधन मेशिन (धुने, स्लाइसर, ग्रेडर, ड्रायर, पिस्ने मिल) * संकलन, भण्डारण तथा बजारीकरण सामग्री * प्राङ्गारिक प्रमाणीकरण, समुह प्रमाणीकरणमा लागत सहभागिता	* प्रांगारिक तरिकाले व्यावसायिक खेती गरिरहेको कृषक/कृषि फार्म * व्यावसायिक रूपमा कम्तीमा २ रोपनीमा खेती गर्ने कृषक *कृषक समुहको हकमा प्रति व्यक्ति कम्तीमा १ रोपनी खेती गर्ने * प्रशोधनको हकमा दर्ता भएको फार्म/सहकारी	* बीउमा अधिकतम ७५% सम्म अनुदान * प्रशोधन मेशिनरी, संकलन, भण्डारण तथा बजारीकरण सामग्रीमा अधिकतम ५०% अनुदान
५.३	एक गाउँ एक उत्पादन कार्यक्रम	* बीउ बिजन/बिरुवा खरिद * मल्चिङ प्लास्टिक, जैविक मल, सूक्ष्म तत्व * साना सिँचाइ उपकरण (स्प्रिङ्कलर, थोपा सिँचाइ)	सम्बन्धित वडा/गाउँमा कम्तीमा ५ कृषकको समूह वा व्यावसायिक फार्म * न्यूनतम जमिन (व्यक्तिगत कृषकको हकमा): आलु (कम्तीमा २ रोपनी), खुर्सानी/धनियाँ/तरकारी (कम्तीमा १ रोपनी)	* बीउ बिजनमा अधिकतम ७५% अनुदान * सिँचाइ तथा सामग्रीमा ५०%
५.४	माटो सुधार कार्यक्रम/ भर्मीकम्पोष्ट प्रवर्द्धन कार्यक्रम	* कृषि चुन, जैविक मल, भर्मीकम्पोष्ट, प्रांगारिक मल खरिद तथा वितरण * गड्यौला तथा भर्मी वेड (पिट/HDPE वेड) खरिद * कम्पोष्ट मल सुधार सामग्री	* कम्तिमा ५ रोपनी क्षेत्रफलमा खेति गरेको हुनुपर्ने *माटो परीक्षणमा अम्लीयपना देखिएको जग्गाधनी कृषक * फार्म/समूहलाई प्राथमिकता दिइने * कम्पोष्ट खाडल/संरचना भएको कृषकलाई प्राथमिकता दिईने	* कृषि चुनमा अधिकतम ७५% अनुदान * भर्मी बेड तथा गड्यौलामा अधिकतम ७५% अनुदान
५.५	मौरीपालन तालिम, घार तथा औजार उपकरण वितरण	* मौरी घार (घार, फ्रेम), मह मदानी (Honey Extractor) * मौरी टोपी, पञ्जा, स्मोकर, घार स्टयाण्ड खरिद तथा वितरण * प्राविधिक तालिम तथा प्रशिक्षण खर्च	*आधारभूत मौरीपालन तालिम लिएको वा कम्तीमा २ वर्षको व्यवसायिक अनुभव भएको कृषकलाई प्राथमिकता दिईने * न्यूनतम ५ घार पाल्न सक्ने क्षमता भएको कृषक/फार्म	*घार तथा उपकरणमा अधिकतम ५०% अनुदान * तालिम शतप्रतिशत

			* प्रति कृषक अधिकतम ५ घार मात्र	कार्यालय खर्चमा
५.६	फलफूल क्षेत्र विस्तार कार्यक्रम	* फलफूलका कलमी/विजु विरुवा खरिद तथा वितरण * लेआउट, खाडल खन्ने, रोपण सामग्रीमा अनुदान	* सुन्तलाजात, कागती, ड्रागन फ्रुट, एभोकाडो, चिया, कफी, किवी, आँप, लिची लगायत सम्भाव्य क्षेत्र * कम्तीमा २० वोट फलफूल लगाउने कृषक वा सामूहिक वगैंचा	* विरुवामा अधिकतम ७५% अनुदान
५.७	कृषि पकेट क्षेत्र विस्तार कार्यक्रम	* पकेट विकासका लागि आवश्यक वीउ, साना सिँचाइ, प्रविधि हस्तान्तरण	* एकीकृत रूपमा कम्तीमा २० रोपनी समेट्ने (वाली/तरकारी) सहकारी/समूह * स्पष्ट कार्ययोजना भएको समुह/सहकारीलाइ प्राथमिकता दिइनेछ	* लागतको अधिकतम ५० सम्म % अनुदान
५.८	उत्कृष्ट कृषक सम्मान कार्यक्रम	* वजेटको परिधि भित्र रही नगद/जिन्सी पुरस्कार प्रदान गरिने * कृषक छनोट मापदण्डको आधारमा वडाको सिफारिस वमोजिम हुनेछ	*वार्षिक १० लाख वा सो भन्दा वढी कारोवार गर्ने कृषक *नवप्रवर्तन तथा प्राङ्गारिक तरिकाले खेति गर्ने कृषक * रैथानेवाली संरक्षणमा योगदान पुर्याउने कृषक	कार्यपालिकाको निर्णय अनुसार हुनेछ
५.९	रैथाने वाली संरक्षण कार्यक्रम	* गाउँपालिकाभित्रका लोपोन्मुख स्थानीय जातका वीउ (कोदो, फापर, जुनेलो, कागुनो, सामा आदि) संकलन गरी स्थानीय कृषि समूह/सहकारीमार्फत सुरक्षित भण्डारण र वीउ साटासाट प्रणाली मिलाउन सकिने। इच्छुक कृषकहरूलाई सुधारिएको/प्रमाणित रैथाने वालीको वीउ र जैविक मल/विषादीको mini-pack किट उपलव्ध गराउन सकिने। •प्रशोधन तथा Value Addition सहयोगः उत्पादित रैथाने वालीको पिठो, प्याकिङ, ब्रान्डिङ सामग्रीमा अनुदान। •प्राविधिक सहजीकरण तथा तालिम	•कम्तीमा १ रोपनी (व्यक्तिगत कृषक) वा कम्तीमा ५ रोपनी (कृषि समूह/सहकारी) मा अनिवार्य रैथाने वाली खेती गर्नुपर्ने। •रैथाने वाली संरक्षणमा सक्रिय महिला समूह, दलित, सीमान्तकृत तथा परम्परागत कृषक समूहलाई प्राथमिकता दिइने।	•वीउ खरिद तथा वीउ वैंक प्रवर्द्धनमा अधिकतम ७५% अनुदान •प्याकिङ, ब्रान्डिङ तथा प्रशोधन सहयोग (अधिकतम ५०% अनुदान। •प्राविधिक सहजीकरण तथा तालिम शतप्रतिशत कार्यालय खर्चमा

५.१०	नर्सरी स्थापना	टनेल निर्माणका लागि UV Plastic Sheets, Shade Net, सिँचाइ सामाग्री खरिद तथा वितरण। *नर्सरी पूर्वाधार प्रविधिः ट्रे (Pro-trays), कोकोपिट (Cocopeat), भर्मीकम्पोष्ट तथा जैविक विषादी सहयोग। * उच्च गुणस्तरीय बीउ/रुटस्टकः पालिका अनुकूलका फलफूल (जस्तैः कागति, सुन्तला, कफी, सिउँडी फल, किवी, आँप, लिची, आदि) वा वेमौसमी तरकारी (काँको, गोलभेडा, खुर्सानी) को उन्नत बीउ/रुटस्टक उपलब्ध गराउने।	*दर्ता र स्वामित्वः दर्ता भएको व्यावसायिक कृषि फार्म/नर्सरी वा न्यूनतम १ रोपनी आफ्नै/भाडाको (कम्तीमा ५ वर्षको सम्झौता) जग्गा भएको कृषक। *अनुभव र क्षमताः नर्सरी व्यवस्थापन सम्बन्धी तालिम लिएको वा न्यूनतम २ वर्ष बेर्ना/बिरुवा उत्पादनको अनुभव भएको। *पानी र पूर्वाधारः नर्सरीका लागि वर्षैभरि पर्याप्त सिँचाइ सुविधा (पानीको स्रोत) उपलब्ध भएको।	मापदण्ड पुगेका कृषि फार्म/नर्सरी वा सहकारी लाई कार्यक्रम संचालनमा ५०% लागत साझेदारी गर्न सकिनेछ
५.११	स्थानीय ट्राइकोडरमा, जैविक विषादी तथा पासो प्रवर्द्धन तथा विस्तार/ जैविक विषादी प्रवर्दन कार्यक्रम	* जैविक विषादी तथा मित्रजीव प्रवर्द्धनः निमजन्य विषादी, ट्राइकोडर्मा, व्युभेरिया, आदी, खरिद तथा वितरण। * पासो तथा फेरोमोन प्रविधि पहेँलो/नीलो टाँसिने पासो (Sticky Traps), फेरोमोन ल्युर (Pheromone Lures), तथा पासो खरिद तथा वितरण। *रासायनिक विषादी न्यूनीकरण सम्बन्धी जनचेतनामुलक कार्यक्रम, व्यावहारिक तालिम, प्रदर्शन तथा जैविक विषादी प्रवर्द्धनात्मक सामग्री वितरण।	* व्यावसायिक तरकारी, अदुवा/बेसार वा फलफूल खेती गरिरहेका कृषक, फार्म वा समूह/सहकारी। *सुरक्षित खाद्य उत्पादन प्रतिवद्धताः रासायनिक विषादीको प्रयोग घटाई अर्गानिक वा IPM (एकीकृत शत्रुजीव व्यवस्थापन) पद्धति अपनाउन इच्छुक हुनुपर्ने।	अधिकतम ९०% अनुदान
५.१२	कृषि उपज बजारीकरण तथा मूल्य शृंखला आवद्धता	* कृषि उपज ढुवानी तथा बिक्री वितरणका लागि प्लाष्टिक क्रेट, Digital Weighing Scales, प्याकिङ/सिलिङ मेसिन तथा जुटका बोराहरू ५०% अनुदानमा वितरण। * स्थानीय कृषि उपज संकलन केन्द्र वा हाटबजारका लागि आवश्यक साना पूर्वाधार/सामग्री (डिस्पले र्याक, कोल्ड बक्स, त्रिपाल, सफाइ तथा ग्रेडिङ औजार) सहयोग। * माथागढीका मुख्य कृषि उपजहरुको लेवलिङ स्टिकर, LOGO,	अनुसन्धान/परीक्षणका लागि कृषक/फार्मः * कम्तीमा १ रोपनी (तरकारी/फलफूल) वा २ रोपनी (खाद्यान्न) खेती भएको। * नयाँ जात वा प्रविधि परीक्षण गर्न इच्छुक र प्राविधिक सल्लाह बमोजिम रेकर्ड राख्न सक्ने। * हाल भईरहेको बजारीकारण प्रक्रिया एवं संकलन तथा खरिद बिक्री मुल्य बीच सामन्जस्य कायम गर्न सर्वपक्षीय बैठक/छलफल कार्यक्रम ।	* अधिकतम ५०% अनुदान

		र आकर्षक प्याकेजिङ झोला/सामग्री सहयोग। • समूह/सहकारीलाई मुख्य बजार केन्द्रहरूसँग जोड्नका लागि संयुक्त ढुवानी व्यवस्थापनमा प्राविधिक/पूर्वाधार सहयोग।		
५.१३	कृषि प्रदर्शनी तथा अनुसन्धान कार्यक्रम	•कृषि प्रविधि तथा उपज प्रदर्शनी (Agri Exhibition) •स्थानीय अनुकूलता अनुसन्धान/परीक्षण (On-Farm Adaptive Research) •Farmer Field School – FFS संचालन नवीन खेती प्रविधि, रोग-किरा नियन्त्रण र माटो सुधारका व्यावहारिक परीक्षण तथा नतिजा प्रदर्शन।	अनुसन्धान/परीक्षणका लागि कृषक/फार्म: • कम्तीमा १ रोपनी (तरकारी/फलफूल) वा २ रोपनी (खाद्यान्न) खेती भएको। • नयाँ जात वा प्रविधि परीक्षण गर्न इच्छुक र प्राविधिक सल्लाह बमोजिम रेकर्ड राख्न सक्ने।	• कृषि उपज/प्रविधि प्रदर्शनी तथा स्टल व्यवस्थापन खर्च • किसान खेतमा नवीन जात/प्रविधि परीक्षण (बीउ, इनपुट तथा किट खर्च • पुरस्कार तथा मूल्याङ्कन खर्च • प्रशासनिक तथा अनुगमन खर्च
५.१४	माटो परिक्षण शिविर तथा प्लान्ट क्लिनिक संचालन	• घुम्ती विधि वा वडास्तरमा शिविर आयोजना गरी डिजिटल माटो परीक्षण किट/मिनी ल्याववाट PH, NPK र प्रांगारिक पदार्थको परीक्षण तथा "माटो स्वास्थ कार्ड" वितरण। • प्लान्ट क्लिनिक सञ्चालनः रोग-किरा प्रभावित बालीका नमूना संकलन, प्राविधिकद्वारा प्रत्यक्ष निदान, र जैविक/रासायनिक/IPM उपचारको सिफारिस।	• माथागढी गाउँपालिका भित्र जुनसुकै वाली खेती गर्ने सबै कृषकहरू।	• कृषकहरूलाई माटो परीक्षण, रोग-किरा निदान र परामर्श १००% निःशुल्क उपलब्ध गराइनेछ।
५.१५	रासायनिक बिषादी तथा सुक्ष्मतत्व खरिद	• प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्र वाट स्वीकृत तथा हरियो/निलो लेवल भएका सुरक्षित ढुसीनाशक, किटनाशक लगायत विषादी खरिद तथा वितरण	• माथागढी गाउँपालिका भित्र जुनसुकै वाली खेती गर्ने सबै कृषकहरू।	• प्रकोप तथा आवश्यकताको आधारमा विषादी तथा सुक्ष्मतत्व

		• Micronutrient, plant growth regulator, Plant hormone, NPK खरिद तथा वितरण • रासायनिक विषादी प्रयोग गर्दा किसानको स्वास्थ्य सुरक्षाका लागि आवश्यक पीपीई किट (मास्क, ग्लोव्स, चश्मा र एप्रोन) सहयोग।		निशुल्क वितरण • सुरक्षा उपकरणमा अधिकतम १०% अनुदान

परिच्छेद ४

कार्यक्रम सञ्चालन तथा भुक्तानी

६) कार्यक्रम सञ्चालन तथा भुक्तानी प्रकृया :

क) कृषि/पशुपन्छी विकास कार्यक्रम अन्तर्गत अनुदानमुखी कार्यक्रम सञ्चालनका अनुसुची १ वमोजिमको ढाचाँमा प्रमुख प्रशासकीय अधिकृतको आदेशले शाखा मार्फत कम्तिमा ७ –१५ दिने सार्वजनिक सूचना आव्हान गरिनेछ ।

ख) इच्छुक कृषकहरुले अनुसूची २ वमोजिमको ढाँचामा अनुसुची ३ वमोजिमका कागजात संलग्न राखी अनुसूची ४ वमोजिमको ढाचाँमा प्रस्तावना सहित सूचनामा तोकिए वमोजिमको कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

ग) निवेदन सहित पेश गर्ने कागजात र प्रस्तावनाको ढाँचा कार्यक्रम अनुसार सूचनामा उल्लेख गरे वमोजिम रहनछे । घ) कार्यक्रम अन्तर्गत रित पूर्वक पर्न आएका प्रस्तावहरुको अनुसूची ५ का आधारमा मूल्याङ्न गरिनेछ ।

ङ) दफा 'घ' वमोजिम छनौट भएका प्रस्तावकको स्वीकृत कार्ययोजना, लागत अनुमान अनुसार अनुसुची ६ वमोजिम सम्झौता गर्ने ।

च) सामाग्री खरिद गरी वितरण गर्ने कार्यक्रममा प्रचलित कानुन वमोजिम कार्यालयले खरिद गरी तोकिए वमोजिमको अनुदान र कृषकको लागत सहभागितामा शाखाले वितरण गर्ने ।

छ) अनुदान रकम भुक्तानी गर्नुपर्ने निर्माण,मर्मत सुधारजन्य अनुदानमा अनुदानग्राहीसगँ भएको सम्झौता वमोजिमको कार्यसम्पन्न पश्चात पेश हुन आएका विल भरपाईका आधारमा वैंक खाता माफर्त अनुदान रकम भुक्तानी गर्ने ।

परिच्छेद ५

अनुगमन तथा मूल्याङ्कन

७) मूल्याङ्कन समिति सम्वन्धी व्यवस्था :

क) कार्यक्रम अनुसार प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा विषयगत शाखाको कर्मचारी रहने गरि मूल्याङ्कन समिति गठन गरिनेछ ।

ख) मूल्याङ्न समितिले अनुसूची ५ वमोजिमको ढाँचामा अनुगमन तथा मूल्याङ्कन गरि अनुदानग्राही छनौट तथा सिफारिसका आधारमा कार्यपालिकाले स्वीकृत गरे पश्चात वितरण गर्ने ।

ग) बीउ विजन, औषधी तथा खोप र रसायनीक विषादी जस्ता वितरणका कार्यक्रम सञ्चालन कृषकको माग वमोजिम शाखाले नै मूल्याङ्कन तथा छनौट गरि वितरण गर्नेछ ।

घ) सञ्चालित कार्यक्रमको अनुगमन गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत तथा सरोकारवाला पक्षले गर्नसक्नेछ ।

ङ) मूल्याङ्कन र अनुगमन समितिको सेवा सुविधा प्रचलित कानुन वमोजिम हुनेछ ।

परिच्छेद ६

विविध

८) विविध

क) संघ तथा प्रदेश सरकारबाट अनुदान प्राप्त गरेका कृषकहरुलाई दुई आ.व. सम्म एउटै प्रकृतिका कार्यक्रममा दोहोरो हुने गरि अनुदान दिईनेछैन ।

ख) यस कार्यविधि वमोजिम पालिकाबाट रु. पचास हजार वा सो भन्दा वढी अनुदान प्राप्त गरेको कृषकलाई आगामी दुई आ.व. सम्म अनुदानको कार्यक्रममा समावेश गरिने छैन । थप आवश्यक परेको खण्डमा कार्यपालिको निर्णय वमोजिम हुनेछ ।

ग) यस कार्यविधिमा उल्लेख भएको व्यवस्था प्रदेश र संघीय कानुनसगँ वाँझिएमा प्रदेश र संघीय कानुन वमोजिम हुनेछ ।

अनुसूची १

सूचनाको ढाँचा

प्रथम पटक प्रकाशित मिति : ...../...../.....

यस माथागढी गाउँपालिकाको आ.व..... को स्वीकृत वार्षिक कार्यक्रम.....अनुसार निम्न लिखित कार्यक्रमहरु **कृषि/पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३** बमोजिम लागत साझेदारीमा कार्य गर्न ईच्छुक व्यवसायिक फर्म/कृषक/कृषक समुह/सहकारीले यो सुचना प्रकाशित भएको मितिले ..... दिनसम्म कार्यालय समय भित्र.....मा निवेदन दर्ता गर्नु हुन आवहान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपशिल :

क.स	कार्यक्रम	कार्यक्रम मापदण्ड	कार्यालयको अनुदान रकम/प्रतिशत	कृषकको लागत सहभागिता	कैफियत

.....

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची २

निवेदनको ढाँचा

श्रीमान् ..... ज्यू,

माथागढी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

झडेवा, पाल्पा

मिति :

विषय : कार्यक्रममा सहभागि हुने सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा त्यस कार्यलयको मिति ..... का दिन प्रकाशित सुचना अनुसार म/हामी निवदेकले ..... कार्यक्रममा सहभागी हुनका लागि योग्य रहकोले सूचनामा माग गरे अनुसारका कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु/छौं । साथै लागत सहभागिता बापतको रकम तिर्न मन्जुर रहेको छ ।

निवेदक:

नाम:

ठेगाना:

फार्म/समुह/सहकारीको नाम:

दस्तखत्:

मिति:

सम्पर्क नं:

अनुसूची ३

व्यवसायिक कार्ययोजना पेश गर्दा संलग्न हुनु पर्ने कागजातहरु

१. नेपाली नागरिकताको प्रतिलिपि ।

२. अनुसूची-२ अनुसारको ढाँचामा निवेदन ।

३. अनुसूची-४ अनुसार विस्तृत व्यवसायिक कार्ययोजना ।

४. जग्गाको स्वामित्व देखिने कागजात -भाडामा भए १० वर्ष सम्झौता पत्रको प्रतिलिपी ।

५. प्रचलित कानुन बमोजिम दर्ता भए भएको प्रमाण पत्र प्रतिलिपि ।

६. स्थायी लेखा नम्बर/भ्याट दर्ता र कर चुक्ता भएको प्रमाण पत्रको प्रतिलिपि ।

७. प्रस्तावकले कम्तिमा ..... लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र ।

८. निर्माण कार्यको हकमा प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान ।

९. शैक्षिक योग्यता, तालिम, अनुभव तथा वैदेशिक रोजगारबाट फर्केको प्रमाणित प्रतिलिपि ।

अनुसूची ४

कार्ययोजनाको ढाँचा

कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजना

कार्यक्रमको नाम : .....

जिल्ला : पाल्पा

गा.पा : माथागढी वडा नं :..... टोल :.....

फार्म/समुह/सहकारीको नाम :.....

सन्चालकको नाम :.....

१. व्यवसायको परिचय :.....

२. उद्वेश्यहरु :.....

३. कृषि/पशुपंक्षी पालन व्यवसायको अनुभव :.....

४. व्यवसाय सञ्चालन गरिने स्थान :.....

५. व्यवसाय सञ्चालनका लागि रहेका पुर्वाधारहरु :.....

६. हाल गरिएको कृषि खेती/पशु पालन विवरण र संख्या :.....

७. तालिम सम्वन्धी विवरण :.....

८. सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरण :

क्र.स.	सञ्चालन गरिने कार्यक्रम	अनुदान प्रतिशत	निजी लगानी प्रतिशत	कैफियत
१				
२				
३				

९. सञ्चालन हुने कार्यक्रमको वातावरणीय उपयुक्तता(प्रभाव पर्ने वा नपर्ने) :.....

१०. उत्पादित वस्तुको वजार योजना :.....

११. थप आधारहरु: उपलव्ध जग्गाको स्वामित्व :.....

उपलव्ध जग्गाको क्षेत्रफल :.....

दैनिक ..... उत्पादन विक्री :.....

अपेक्षित वार्षिक प्रतिफल :.....

अन्य कारोवार :.....

१२. हाल सम्म कुनै पनि निकायवाट अनुदानमा ..... लिए/ नलिएको :.....

क) लिएको भए कुन निकाएवाट कहिले लिएको :.....

संलग्न कागजातहरु :

१.

२.

३.

कार्ययोजना पेश गर्ने: फार्म/समुह/सहकारी/कृषकको नाम :.....

सञ्चालक/कृषकको नाम :.....

स्थायी ठेगाना जिल्ला : पाल्पा गा.पा .: माथागढी वडा नं. ..... टोल.....

फार्म/समुह/सहकारी रहने स्थान :.....

फार्म/समुह/सहकारी/कृषकको तर्फवाट सही गर्नेको दस्तखत :

दायां	वायां

अनुसूची ५

मूल्याङ्कनको ढाँचा

प्रस्ताव मुल्याङ्कनका आधारहरु

१. नाम:

२. ठेगाना:

३. कार्यक्रमको नाम:

४. मुल्यांकनका आधारहरु

क) नेपाली नागरिकताको प्रमाणपत्रको छायाँ प्रति छ । छैन

ख) तोकिएकोढाचांमा निवेदन र कार्ययोजना छ । छनै

ग) जग्गाको स्वामित्व देखिने कागजात वा सम्झौता पत्र छ । छैन

घ) स्थानिय तह । आधिकारिक निकायमा दर्ता नविकरण प्रमाण पत्रको प्रतिलिपि छ । छैन

ङ) पान दर्ता र करचुक्ताको प्रमाण पत्रको प्रतिलिपी छ ।छैन

च) लागत साझेदारी गर्ने प्रतिवद्धता छ । छैन

छ) वडा कार्यालयको सिफारिस छ । छैन

ज) सूचनामा माग भएका अन्य कागजातहरु छ । छैन

क्र.स.	विवरण	भार प्राप्ताङ्क	कैफियत
१	कार्यक्रम कार्यन्वयन स्थलको भौतिक पूवार्धारको अवस्था	२०	
२	व्यवसाय व्यवस्थापनको अवस्था र संवाहक	१०	
३	प्राविधिक रूपमा उपयुक्त र स्थान अवस्थिति	१०	
४	रोजेगारीको अवस्था		
४.१	कम्तिमा २ जना भए	२	
४.२	सो भन्दा वढी भए	३	
५	वातावरणीय/सामाजिक प्रभाव	५	
६	उत्पादित वस्तुको वजार योजना	५	
७	व्यवसाय विस्तार गर्न सक्ने क्षमता र उत्पादकत्व वृद्धि हुन सक्ने सम्भावना	१५	
८	कार्ययोजनाको अवस्था	५	
९	सम्वन्धित विषयमा अध्ययन र तालिम	५	
१०	जग्गाको स्वामित्व		
१०.१	निजी	१०	
१०.२	भाडामा	५	
११	अन्य वस्तुगत अवस्था	५	
	जम्मा	१००	

५. स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरण:

१.

२.

६. स्थलगत अनुगमन टोलीको राय:

१.

२.

३.



अनुसूची ६

सम्झौताको ढाँचा

सम्झौता पत्र

आर्थिक वर्ष.....मा सञ्चालन हुने .....कार्यक्रमको लागि माथागढी गाउँपालिका (यस पछि प्रथम पक्ष भनिने) र छनोट भएका कृषक/समुह/सहकारी.....(यस पछि दोस्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको छ।

शर्तनामाहरु:

१. प्रथम पक्षले लागत साझेदारीमा .....कार्यक्रमको लागि कुल लागत रु..... मध्ये अनुदान बापत अधिकतम रु .....दोस्रो पक्षलाई अनुदान वा सामाग्री प्रदान गर्नेछ।

२. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको डिजाइन र इस्टिमेट अनुसारका सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी सम्पन्न गर्नेछ।

३. कार्यक्रम सञ्चालनका लागि आवश्क सम्पूर्ण व्यवस्था दोस्रो पक्षले गर्नेछ।

४. दोस्रो पक्षले सुरुमा आफनो तर्फको लगानीवाट सम्पन्न भएको कामको नियमानुसार विल भरपाई तथा आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात कार्य प्रगतिको आधारमा एकमुष्ट दोस्रो पक्षलाई चेक मार्फत भुक्तानी दिइनेछ।

५. प्रथम पक्षले कुनैपनि वखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए नभएको हेर्न र आवश्यक सल्लाह दिन सक्नेछ।

६. दोस्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सवैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित होडिङ्ग वोर्ड सवैले देख्ने गरी राख्नुपर्नेछ।

७. कार्यकम्र सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार,व्यवस्थापन, जोखिम र दिगोपनको लागि गरिने कार्यहरु तथा अप्रत्यासित रुपमा सृजित सवै प्रकारका दायीत्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

८. द्विपक्षिय सहमति अनुसारको काम नभई रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एकपटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एकपक्षिय रुपमा सम्झौता भङ्ग गर्ने र हिनामिना भए वरावरको रकम दोस्रो पक्षवाट सरकारी वाँकी सरह असुल उपरको प्रकिया अगाडी वढाउन सक्नेछ।

९. प्रथम पक्षले प्रदान गरेको अनुदान सामाग्री दोस्रो पक्षले कम्तिामा चल सम्पतिको हकमा ३ वर्ष र अचल सम्पतिको हकमा ५ वर्ष सम्म हिनामिना गर्न पाईछैन। यदि कुनै कारण वस हटाउन परेको खण्डमा प्रथम पक्षलाई लिखित निवेदन वा विस्तृत जानकारी गराई पथम पक्षको निर्णयमा हटाउन सक्नेछ।

१०. यस सम्झौता र कार्यकम सञ्चालन सम्वन्धमा गाउँपालिकाको निर्णय नै अन्तिम हुनेछ।

११. अन्य कुराहरु प्रचलित कानुन वमोजिम हुनेछ।

प्रथम पक्षको तर्फबाट	**दोस्रो पक्षको तर्फबाट**
नाम:	नाम:
पद:	पद:
दस्तखत:	दस्तखत:
मिति:	फार्म/समुह/सहकारीको नाम:

कार्यालयको छाप:

मिति:

छाप:

रोहवर

नाम:

पद:

दस्तखत:

नाम:

पद:

दस्तखत:

इति सम्वत्.....साल.....महिना.....गते रोज.....शुभम् ।



अनुसूची ७

दोहोरो अनुदान नलिएको स्वः घोषणा

श्री कार्यालय प्रमुख ज्यू

.....

..... ।

..... को आर्थिक वर्ष २०८..... ।२०८.... स्वीकृत कार्यक्रम अनुसार नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह/अन्य निकायबाट प्रदान गरिने रकम/सामाग्री/उपकरण/अन्य वस्तु लिन ईच्छुक रहेकोले दोहोरो पर्ने गरी नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह/अन्य निकायबाट प्रदान गरिएको रकम/सामाग्री/उपकरण/अन्य वस्तु मैले/हामिले/मेरो/हाम्रो एकाघरको परिवारले नलिएको घोषणा गर्दछु। यदि मैले लिएको प्रमाणित भएको मेरो वा हाम्रो वा संस्था वा समुह वा सहकारी वा कम्पनीको सम्पतिवाट नियमानुसार व्याक्तिगत/संस्थागत असुल उपर सरह असुल भएमा मेरो/हाम्रो कुनै दावी रहने छैन।

हस्ताक्षर :

नाम थर :

ठेगाना :

सम्पर्क नं. :

आज्ञाले

ध्रुव दयाल

प्रमुख प्रशासकीय अधिकृत